# नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको छैठौं प्रदेश सभा वार्षिक प्रतिवेदन २०७९

*(नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आ.व. २०७८/७९ को आय–व्यय विवरण समेत)*

१. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको छैठौं प्रदेश सभामा कार्यकारिणी समितिको तर्फबाट यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु । यस वार्षिक प्रतिवेदनमा गत २०७९ साल जेठ २० गते सम्पन्न पाँचौं प्रदेश सभापश्चात नेउवामहासंघ बागमती प्रदेशबाट भएका प्रमुख क्रियाकलाप तथा कार्यक्रमका साथै गतिविधि, क्रियाकलाप तथा कार्यक्रमहरू बारे संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

२. कार्यकारिणी समितिले पाँचौं प्रदेश सभापश्चातको ९ महिनाको अवधिमा प्रदेशले उद्योगी व्यवसायीहरूको हकहितको संरक्षण तथा सम्बर्द्धनको साथै देशको उद्योग व्यवसाय, लगानी क्षेत्रको विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि हुनुपर्ने नीतिगत व्यवस्थाहरूबारे सम्वन्धित निकाय तथा विभिन्न तह र तप्काहरूमा आफ्नो आवाजहरू पेश गर्दै आएको छ ।

३. यस पटक नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले पहिलो पल्ट उद्योग वाणिज्य संघ खैरहनीसंग संयुक्त रूपमा खैरहनी २, लदरी खोला किनार मा बागमती प्रदेशस्तरीय महोत्सव आयोजना गरेको छ ।

४. नेपाल उद्योग वाणिज्य महासंघबाट हेटौंडा उपमहानगरपालिका कार्यालयबाट बागमती प्रदेशको सचिवालय भवन निर्माणको लागि प्राप्त जग्गामा कम्पाउण्ड वाल लगाउन सहमति प्राप्त भएपश्चात कोटेशन आव्हान गरी उक्त जग्गामा कम्पाउण्ड वाल लगाउने कार्य सम्पन्न गरिएको छ ।

५. बैंक व्याज, नापतौल सम्बन्धी उद्योगी व्यवसायीहरूको समस्याहरूको सम्बोधन गर्न आवश्यक पहलकदमी गरिएको छ ।

६. बागमती प्रदेश अन्तर्गतका जिल्ला नगर उद्योग वाणिज्य संघहरूका सचिवालय



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

प्रमुखहरूबीच प्रदेश महासंघसंगको सम्बन्ध तथा सचिवालय सुदृढिकरण विषयक छलफललगायत विभिन्न समसामयिक छलफल तथा गोष्ठीहरूको आयोजना गरिएको छ ।

७. विभिन्न मन्त्रालय तथा निकायहरूमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको उल्लेखनीय उपस्थिति रहने गरेको छ ।

८. सचिवालय स्थापनापश्चात बागमती प्रदेश अन्तर्गत रहेका १३ वटा जिल्ला, १५ वटा नगर उद्योग वाणिज्य संघ गरी २८ वटा उद्योग वाणिज्य संघ, १०५ वटा एसोसियट सदस्य तथा ९ वटा वस्तुगत सदस्यहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रदान गर्न सहज भएको छ । मकवानपुर उद्योग वाणिज्य संघले २ वटा कोठा, फोन, ईन्टरनेट र विजुलीको सुविधा प्रदान गरेकोमा नेउवामहासंघ बागमती प्रदेश पुन: हार्दिक धन्यवादज्ञापन गर्दछ ।

**९. पाँचौ प्रदेश सभा भव्यतापूर्वक सम्पन्न:**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष श्री दिल सुन्दर श्रेष्ठ ज्यूको सभापतित्व, नेपाल सरकार बागमती प्रदेशका तात्कालिन मुख्यमन्त्री माननीय राजेन्द्र पाण्डेज्यूको प्रमुख आतिथ्यता, नेपाल




उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री शेखर गोल्छाज्यू, महासंघकै पूर्वअध्यक्ष चण्डिराज ढकालज्यूको विशिष्ट आतिथ्यता, नेउवामहासंघका उपाध्यक्षत्रय श्री दिनेश श्रेष्ठज्यू, श्री अञ्जन श्रेष्ठज्यू, श्री रामचन्द्र संघईज्यू, पूर्वपदाधिकारी उमेशलाल श्रेष्ठज्यू, हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाज्यूको विशेष आतित्थ्यता, नेपाल उद्योग वाणिज्य महासंघका विभिन्न प्रदेशका अध्यक्षज्यूहरू, नेउवा महासंघका केन्द्रीय सदस्यज्यूहरू, विभिन्न जिल्ला

नगर उद्योग वाणिज्य संघहरूका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, विभिन्न बस्तुगत संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, एशोसियट सदस्य संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू र संचारकर्मीहरूको वृहत सहभागितामा ५ औं प्रदेश सभा २०७९ जेठ २० गते हेटौंडाको अर्किड रिसोर्टमा भव्यतापूर्वक सम्पन्न गरिएको थियो । प्रमुख अतिथि पाण्डेज्यूले शुभकामना मन्तव्य राख्नुहुँदै सरकार र निजी क्षेत्र एकै रथका दुई पांग्रा रहेको र उद्योगीहरूसंग मिलेर काम गर्न सरकार सदैव तयार रहेको बताउनुभएको थियो । संयुक्त रूपमा उद्योग स्थापना गर्न, सीपमूलक रोजगारी श्रृजना गर्न, सीपयुक्त मजदुरहरू तयार गर्न सरकार निजी क्षेत्रलाई हर तरहले सहयोग गर्न तयार रहेको पनि मन्त्री पाण्डेले बताउनुभएको थियो । उद्योगी र मजदुर एकअर्काका परिपूरक भएकोले मजदुर र श्रमको सम्मान गर्न आग्रह गर्नुहुँदै स्वदेशी उत्पादनको प्रवर्द्धनमा नेपालीले मनैदेखि नेपालीपन स्वीकार्नुपर्ने पनि बताउनुभएको थियो ।

सभामा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष तथा प्रदेश सभाका सभापति श्री दिल सुन्दर श्रेष्ठज्यूले कोभिड १९ ले थलिएको आर्थिक क्षेत्र विस्तारै अघि बढ्न थालेको र सो प्रकोपको समयमा निजी क्षेत्रले पुऱ्याएको योगदानलाई धन्यवादज्ञापन गर्नुभएको थियो । वर्षभरि गरिएका कार्यक्रमहरूको उपलब्धिहरूको विषयमा जानकारी गराउनुहुँदै अध्यक्ष श्रेष्ठले नगरलाई बुझाईने व्यवसाय करको केही हिस्सा उद्योग वाणिज्य संघलाई प्राप्त भएमा संघहरूको सबलीकरण र व्यवसायीको क्षमता विस्तार र विकासमा प्रयोग गर्न सकिने बताउनुभएको थियो । विभिन्न सेवाबाट निजी क्षेत्रले आम जनता र राज्यलाई सेवा दिने, राजस्व तिर्ने, भ्याट तिर्ने गरेकोमा निजी क्षेत्रलाई सम्मानित गराउन सके मात्र समुन्नत नेपालको अनुभूति हुने उहाँले बताउनुभएको थियो । बैंक व्याजलगायत उद्योगी व्यवसायीहरूका विविध समस्याहरूको विषयमा सम्बोधन हुने अपेक्षाका साथ उहाँले प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, अतिथिलगायत उपस्थित सम्पूर्णलाई हार्दिक स्वागत गर्नुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सचिवालय निर्माणको लागि





हेटौंडा उपमहानगरपालिकाबाट हेटौंडा ११ स्थित थानाभऱ्याङ्गमा २ कठ्ठा ७ धुर जग्गा उपलब्ध गराई सहयोग पुऱ्याईदिनु भएकोमा ५ औं प्रदेश सभाको अवसरमा हेटौंडा उपमहानगरपालिका कार्यालयलाई कदर-पत्रद्वारा सम्मानित पनि गरिएको थियो । कदर-पत्र प्रमुख अतिथि माननीय राजेन्द्र पाण्डेज्यूबाट हेटौंडा उपमहानगरपालिकाका नवनिर्वाचित नगर प्रमुख श्री मिनाकुमारी लामाज्यूलाई प्रदान गरिएको थियो । प्रदेश सभाको अवसर पारेर उद्योगी व्यवसायीहरूको लागि प्रिभिलेज कार्डको शुभारम्भ गरिएको थियो । प्रमुख अतिथि माननीय राजेन्द्र पाण्डेज्यू, विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री शेखर गोल्छाज्यू र विशेष अतिथि नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवम् उद्योग वाणिज्य परिषद्का सभापति श्री दिनेश श्रेष्ठज्यूले संयुक्त रूपमा प्रिभिलेज कार्डको लोकार्पण गर्नुभएको थियो ।

हेटौंडा उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री जुना दाहाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य श्री सहनलाल प्रधान, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष श्री गणेश प्रसाद लाठ, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष श्री उमेश लाल श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षत्रय श्री रामचन्द्र संघई, श्री अञ्जन श्रेष्ठ र श्री दिनेश श्रेष्ठ, हेटौंडा उपमहानगरपालिकाका नवनिर्वाचित नगर प्रमुख श्री मिनाकुमारी लामा, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष श्री चण्डिराज ढकाल र विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री शेखर गोल्छाज्यू शुभकामना मन्तव्य राख्नुभएको थियो ।

प्रमुख अतिथि माननीय राजेन्द्र पाण्डेज्यूलाई अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले मायाको चिनो प्रदान गर्नुभएको थियो भने मधेश प्रदेशका अध्यक्ष श्री गणेश प्रसाद लाठज्यूले पनि अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो । बागमती प्रदेशका कोषाध्यक्ष श्री गुणराज श्रेष्ठज्यूले संचालन गर्नुभएको प्रदेश सभाको अन्त्यमा बागमती प्रदेशका उपाध्यक्ष श्री सविन श्रेष्ठज्यूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## १०. हेटौंडा उपमहानगरपालिका कार्यालयबाट प्राप्त जग्गामा कम्पाउण्ड वाल निर्माणः

हेटौंडा उपमहानगरपालिका कार्यालयले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भवन निर्माणकालागि उपलब्ध गराएको जग्गामा कम्पाउण्ड वाल निर्माण गर्न नेपाल उद्योग वाणिज्य महासंघबाट स्वीकृति प्राप्त भएपश्चात कोटेशन आव्हान गरिएको थियो । गत श्रावण २३ गते कोटेशन खोली सबैभन्दा कम कबोल गर्ने फर्म प्रतिक्षा निर्माण सेवा मार्फत कम्पाउण्ड वाल लगाउने कार्यको भाद्र २३ गते सम्झौता गरी निर्माण कार्य अघि बढाईएको थियो । कम्पाउण्ड वाल लगाउने कार्य कार्तिक २८ गते सम्पन्न गरिएको थियो । हेटौंडा उपमहानगर पालिका वडा नं. ११ थानाभञ्याङ्ग स्थित तरकारी थोक बजारको जग्गा मध्ये पश्चिम दक्षिणतर्फबाट पूर्वपश्चिम लम्बाई ४० मिटर उत्तर दक्षिण लम्बाई २६ मिटर (दक्षिणतर्फ ६ मिटर बाटो रहने गरी) प्राप्त उक्त जग्गामा कम्पाउण्ड वाल निर्माण गर्दा रू. ९,७७,७८०।९३ (अक्षरेपी नौ लाख सतहत्तर हजार सातसय असी पैसा त्रियानब्बे मात्र) खर्च लागेको थियो ।



## ११. नेउवामहासंघ बागमती प्रदेश कार्यकारिणी समितिको बैठक सम्पन्नः

५ औं प्रदेश सभापश्चात विभिन्न मितिमा विभिन्न महत्वपूर्ण निर्णयहरू गर्दै ४





वटा कार्यकारिणी समितिको बैठक सम्पन्न गरिएको छ । अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूको सभापतित्वमा कार्यकारिणी समितिको बैठक बसेको हो । कार्यकारिणी समितिको बैठकमा बागमती प्रदेश भित्रका उद्योग वाणिज्य संघहरूको आर्थिक विकासदेखि संस्थागत सहयोगलगायत उद्योगी व्यवसायीहरूलाई परेको समस्या समाधानार्थ गहन छलफल, प्रादेशिक महोत्सव गर्ने जस्ता विभिन्न महत्वपूर्ण निर्णयहरू भएको थियो ।



### हालसम्म बैठक बसेको मिति र स्थानः

- Ü २०७७ साल पौष ११ गते पहिलो बैठक होटल यलो प्यागोडा, काठमाडौं ।
- Ü २०७७ साल माघ २ गते दोश्रो बैठक रिगल रिसोर्ट, हेटौंडा ।
- Ü २०७७ साल फागुन १२ गते तेश्रो बैठक धुलिखेल रिसोर्ट, धुलिखेल ।
- Ü २०७८ साल जेठ २३ गते चौथो बैठक अनलाईन जुम माध्यमबाट ।
- Ü २०७८ साल कार्तिक ६ गते पाँचौं बैठक होटल सामना, हेटौंडा ।
- Ü २०७८ साल चैत्र २७ गते छैठौं बैठक, होटल सोल्टी, काठमाडौं ।
- Ü २०७९ साल बैशाख १२ गते सातौं बैठक, यलो प्यागोडा, काठमाडौं ।
- Ü २०७९ साल जेठ १९ गते आठौं बैठक, हेटौंडा, मकवानपुर ।
- Ü २०७९ साल श्रावण २० गते नवौं बैठक, यलो प्यागोडा, काठमाडौं ।
- Ü २०७९ साल मंसिर १७ गते दशौं बैठक, व्यञ्जन हाउस, काठमाडौं ।
- Ü २०७९ साल माघ २४ गते एघारौं बैठक, यलो प्यागोडा, काठमाडौं ।

**१२. विभिन्न समितिहरू गठन :**

विधानमा व्यवस्था भए अनुसार निम्न पदाधिकारी एवं कार्यकारिणी समिति सदस्य हरू संयोजक रहने गरी समिति गठन गरी आवश्यक कार्यहरू हुँदै आएको छ ।

| | |
|---|---|
| क. सीप तथा तालिम समिति | सविन श्रेष्ठ, उपाध्यक्ष |
| ख. राजस्व समिति | दुर्गाराज श्रेष्ठ, उपाध्यक्ष |
| ग. मेला महोत्सव तथा प्रदर्शनी | गुणराज श्रेष्ठ, कोषाध्यक्ष |
| घ. घरेलु तथा साना उद्योग समिति | श्याम थापा, का.का.सदस्य |
| ङ. सचिवालय व्यवस्थापन समिति | जीवनकाजी माकजु श्रेष्ठ, का.का.सदस्य |
| च. सूचना, सञ्चार प्रविधि तथा प्रकाशन समिति | कैलाश पलाञ्चोके, का.का.सदस्य |
| छ. वाणिज्य तथा आपूर्ति समिति | शिव प्रसाद मानन्धर, का.का.सदस्य |
| ज. उद्योग समिति | वीरेन्द्रनाथ भट्टराई, का.का.सदस्य |
| झ. रोजगार समिति | प्रदीपमान प्रधान, का.का.सदस्य |
| ञ. महिला विकास समिति | प्रतिमा भट्ट, का.का.सदस्य |
| ट. यातायात तथा पारवहन समिति | गेल्वु शेर्पा, का.का.सदस्य |
| ठ. कृषि विकास समिति | बोधनाथ दुवाडी, का.का.सदस्य |
| ड. पर्यटन समिति | राजु श्रेष्ठ, का.का.सदस्य |
| ढ. बैंक तथा बीमा समिति | कविराज खत्री, का.का.सदस्य |

**१३. भावी कार्यक्रमहरू सम्बन्धमा :**

Ü बागमती प्रदेशभित्र उद्योग व्यवसायको विस्तार, व्यावसायिक हक हित संरक्षण तथा व्यावसायिक क्रियाकलापको प्रवर्द्धन लगायतमा आवश्यक कार्यका लागि बागमती प्रदेशलाई सकृय रूपमा अगाडि बढाउने ।

Ü बागमती प्रदेश सचिवालय निर्माणका लागि हेटौंडा उपमहानगरपालिका कार्यालयबाट प्राप्त जग्गामा कम्पाउण्ड वाल लगाउने कार्य सम्पन्न भईसकेकोले यथाशीघ्र भवन निर्माण कार्यलाई अगाडि बढाउने ।



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

Ü जिल्ला नगर उवासंघहरूको भ्रमण गरी संघहरूको यथास्थिति बुझ्ने ।

Ü प्रदेश अन्तर्गतका उवासंघहरूको नयाँ कार्यसमितिलाई कार्यशाला गोष्ठीमा सहजीकरण गरी सहयोग गर्ने ।

Ü एशोसियट सदस्यहरूबीच समसामयिक अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने ।

Ü वैदेशिक अध्ययन अवलोकन भ्रमण कार्यक्रमको आयोजना गर्ने

Ü प्रेसिडेन्सियल मिट २०२३ आयोजनामा सहयोग गर्ने ।

Ü बस्तुगत तथा एशोसियट सदस्यता अभिवृद्धि गर्ने ।

Ü औद्योगिक व्यापार मेला आयोजनामा सहजीकरण गरी सहयोग गर्ने ।

Ü महिला उद्यमी मेला आयोजनामा सहजीकरण गरी सहयोग गर्ने ।

Ü समसामयिक विविध कार्यक्रमहरू आयोजना गर्दै जाने ।

Ü गठित विभिन्न समितिहरूलाई थप कृयाशील बनाई विभिन्न कृयाकलापहरू आयोजना गर्ने ।

**१४. उद्योग वाणिज्य संघहरुलाई सहयोग:**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले आफ्नो क्षमताले भ्याएसम्म बागमती प्रदेश अन्तर्गतका उद्योग वाणिज्य संघहरूको संस्थागत विकासको लागि आर्थिक, भौतिक, नैतिक सहयोग गर्ने गरेको छ । प्रदेशले कीर्तिपुर नगर उद्योग वाणिज्य संघको २ दिने संस्थागत विकास सम्बन्धी कार्यशाला गोष्ठीको लागि आर्थिक सहयोग गरेको थियो भने रामेछाप उद्योग वाणिज्य संघ र दोलखा उद्योग वाणिज्य संघको सचिवालय सुदृढिकरणको लागि भौतिक उपकरणहरू सहयोग गरेको थियो ।

**बैठक बसेको मिति र स्थान:**

– २०७७ साल पौष ११ गते पहिलो बैठक होटल यलो प्यागोडा, काठमाडौं ।
– २०७७ साल माघ २ गते दोश्रो बैठक रिगल रिसोर्ट, हेटौंडा ।
– २०७७ साल फागुन १२ गते तेश्रो बैठक धुलिखेल रिसोर्ट, धुलिखेल ।
– २०७८ साल जेठ २३ गते चौथो बैठक अनलाईन जुम माध्यमबाट ।

- २०७८ साल कार्तिक ६ गते पाँचौं बैठक होटल सामना, हेटौंडा ।
- २०७८ साल चैत्र २७ गते छैठौं बैठक, होटल सोल्टी, काठमाडौं ।
- २०७८ साल बैशाख १२ गते सातौं बैठक, यलो प्यागोडा, काठमाडौं

## १५. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण विषयगत समितिहरू बीच परिचयात्मक तथा छलफल कार्यक्रम सम्पन्नः

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आयोजनामा २०७९ श्रावण २० गते शुक्रवार काठमाडौं स्थित होटल यलो प्यागोडामा बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण विषयगत समिति हरू बीच परिचयात्मक तथा छलफल कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ




बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा भएको परिचयात्मक तथा छलफल कार्यक्रममा विभिन्न विषयगत समितिका सदस्यहरूलाई मनोनयन पत्र प्रदान गरिएको थियो । समितिका सदस्यहरूलाई नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यहरू कमल कुमार श्रेष्ठ, सुरकृष्ण बैद्य, डि.बि. बस्नेत र रामेश्वर मानन्धरले मनोनयन पत्र वितरण गर्नुभएको थियो भने अध्यक्ष दिल सुन्दर श्रेष्ठले खादा लगाई शुभकामना दिनुभएको थियो । परिचयात्मक तथा छलफल कार्यक्रममा केन्द्रीय सदस्य रामेश्वर मानन्धर, कमल कुमार श्रेष्ठ, सुर कृष्ण बैद्य र डि.बि. बस्नेतले उद्योगी व्यवसायीहरूले वर्तमान परिस्थितिमा भोग्नुपरेको समस्याहरू, उद्योग वाणिज्य संघहरूको सुदृढिकरण, विभिन्न निकायहरूसंगको साझेदारी, विविध कार्यक्रमहरू ल्याउनु पर्ने कुरामा जोड





दिनुभएको थियो । अध्यक्ष दिल सुन्दर श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको छलफल कार्यक्रममा सहभागीहरूले पनि उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको कर, बैंक व्याज, मिसम्याचलगायतका समस्याहरूको बारेमा ध्यानाकर्षण गराउनु भएको थियो । नेउवामहासंघ बागमती प्रदेशका उपाध्यक्ष सविन श्रेष्ठले संचालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष दुर्गाराज श्रेष्ठले धन्यवादज्ञापन सहित समापन मन्तव्य राख्नुभएको थियो ।

## १६. बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण उद्योग वाणिज्य संघका सचिवालय प्रमुखहरुबीच प्रदेशसंगको सम्बन्ध र सचिवालय सुदृढिकरण सम्बन्धी छलफल कार्यक्रम सम्पन्न :

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आयोजनामा २०७९ श्रावण २० गते शुक्रवार काठमाडौं स्थित होटल यलो प्यागोडामा प्रदेश अन्तर्गतका सम्पूर्ण उद्योग वाणिज्य संघका सचिवालय प्रमुखहरू बीच प्रदेशसंगको सम्बन्ध र सचिवालय सुदृढिकरण सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । नेपाल




उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा भएको छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण राज अवस्थीले उद्योग वाणिज्य संघहरूको इतिहास, महत्व र सो को प्रभावकारिता, उद्योग वाणिज्य संघहरूले खेल्नुपर्ने भूमिका, यसको सुदृढिकरणका लागि सचिवालय र कार्यसमितिले पूरा गर्नुपर्ने दायित्वलगायतको विषयमा मन्तव्य राख्नुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरले आ.व. ०७९/८० को लागि विभिन्न

विषयगत मन्त्रालयहरूले छुट्ट्याएको बजेटको विषयमा जानकारी र उक्त बजेटबाट उद्योग वाणिज्य संघहरूले गर्न सक्ने कार्यक्रमहरूको विषयमा जानकारी दिनुभएको थियो । अध्यक्ष दिल सुन्दर श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको छलफल कार्यक्रममा सहभागी कार्यकारी प्रमुखहरूले उवासंघले भोग्नु परिरहेको समस्या, कार्यक्रमहरूको अभाव, एकआपसका अनुभवहरू आदान प्रदान गर्नुभएको थियो । नेउवामहासंघ बागमती प्रदेशका उपाध्यक्ष श्री दुर्गाराज श्रेष्ठले संचालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष सविन श्रेष्ठले धन्यवादज्ञापन सहित समापन मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न उवासंघका अध्यक्षलगायत पदाधिकारीहरूको पनि उपस्थिति रहेको थियो ।

## १७. गुणस्तर तथा नापतौल बिभागका महानिर्देशकसँग भेटघाट र अन्तरकृया :

नेपाल उद्योग वाणिज्य महासंघ, नेउवामहासंघ बागमती प्रदेश, काभ्रे उवासंघ, ललितपुर उवासंघ, भक्तपुर उवासंघ, धुलिखेल उवासंघ, जितपुर सिमरा उवासंघ र नेपाल उवासंघ काठमाडौंको संयुक्त टोलीले २०७९ श्रावण २४ गते गुणस्तर तथा नापतौल विभागका महानिर्देशक श्री दिनानाथ मिश्र र निर्देशक राकेश कुमार झासँग भेटघाट तथा अन्तरक्रिया गरेको थियो । नापजाँचको लागि उद्योग वाणिज्य संघसँग संयुक्त



आयोजनामा कार्यक्रम सञ्चालन गर्ने, संघ मार्फत थप नापतौल यन्त्र वा नयाँ नापतौल यन्त्रको लागि सहजीकरणको वातावरण मिलाउने, नापतौल यन्त्रको बिजक र निवेदन संघमार्फत संकलन गरि (नयाँको लागि) सुबिधा लिन सकिने, परामर्शको लागि संघले सहजीकरण गर्ने विषयहरूमा छलफल भएको थियो ।



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

## १८. नेउवामहासंघ बागमती प्रदेश र उद्योग वाणिज्य संघ खैरहनीबीच महोत्सव आयोजना गर्ने विषयमा छलफलः

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र उद्योग वाणिज्य संघ खैरहनी बीच बागमती प्रदेशस्तरको महोत्सव गर्ने विषयमा छलफल गरिएको थियो । उद्योग वाणिज्य संघ खैरहनीका अध्यक्ष दिपेन श्रेष्ठको अध्यक्षतामा बसेको छलफल कार्यक्रममा प्रादेशिक रूपमा पहिलो पटक



नेउवामहासंघ बागमती प्रदेशले महोत्सव आयोजना गर्ने कार्यक्रम राखेकोमा उद्योग वाणिज्य संघ खैरहनीसंग संयुक्त रूपमा मिलेर आयोजना गर्ने विषयमा छलफल केन्द्रीत रहेको थियो । उद्योग वाणिज्य संघ खैरहनीको कार्यसमिति एवम् नेउवामहासंघ बागमती प्रदेशका पदाधिकारीहरूबीच भएको छलफलले माघ ४ गतेदेखि १५ गतेसम्म खैरहनीमा बागमती प्रादेशिक एवम् दोश्रो खैर हनी महोत्सव २०७९ संयुक्त रूपमा आयोजना गर्ने निर्णय गरेको थियो । लघु घरेलु तथा साना उद्योगदेखि राष्ट्रिय, बहुराष्ट्रिय उद्योगका उत्पादनहरू, कृषि, सूचना प्रविधि, शैक्षिक, अटो, हस्तकलालगायत उद्योग व्यापारसंग सम्बन्धित स्टलहरू २५० वटा रहने गरी महोत्सवको तयारी गरिएको थियो । छलफल कार्यक्रममा नेउवामहासंघ बागमती प्रदेशबाट अध्यक्ष दिलसुन्दर श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, कोषाध्यक्ष गुणराज श्रेष्ठ, कार्यकारिणी सदस्य कविराज खत्री, कार्यकारी निर्देशक विवेक मानन्धर र सिन्धुली उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष अमरेश चन्द्र बैदारको उपस्थिति रहेको थियो भने उद्योग वाणिज्य संघ खैरहनीबाट पदाधिकारी एवम् कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो ।

**१९. श्रम बजार सूचना कार्यशाला गोष्ठी सम्पन्न (२०७९ भाद्र २२):**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ र हेटेल संघ नेपालको संयुक्त



साझेदारी, ब्रिटिस काउन्सिल : दक्षता TVET Practical Partnership Project को व्यवस्थापन तथा युरोपियन युनियनको आर्थिक सहयोगमा संचालित Employers Led Labour Market Secretariat (ELMS) द्वारा आयोजित श्रम बजार सूचना कार्यशाला गोष्ठी २०७९ भाद्र २२ गते आयोजना गरिएको थियो । बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभाध्यक्षतामा हेटौंडाको होटल सामनामा आयोजित कार्यशाला गोष्ठीमा बोल्नुहुँदै प्रमुख अतिथि तात्कालिन बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री माननीय घनश्याम दाहालले मन्त्रालयले यस वर्ष मुख्यमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत बागमती प्रदेशका १०,००० युवाहरूलाई सीपमूलक तालिम प्रदान गर्न बजेट छुट्ट्याईएको बताउनुभएको थियो । तालिम लिएकाहरूलाई तालिमपश्चात रोजगारी सुनिश्चित हुनुपर्ने, सो को अभिलेख राखिनुपर्ने बताउनुहुँदै मन्त्री दाहालले मन्त्रालयमार्फत ब्युटी पार्लर, सिलाई कटाई, कम्प्युटर, प्लम्बर, इलेक्ट्रिसियन जस्ता तालिमहरू प्रदान गर्दिै आएको बताउनुभएको थियो । श्रम नीतिको ड्राफ्ट तयार गरी स्वीकृतिको लागि संघीय कानून मन्त्रालय र अर्थ मन्त्रालयमा पठाईएको बताउनुहुँदै मन्त्री दाहालले गोष्ठीमा उठेका सुझावहरूको विषयमा मन्त्रालयले सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवम् सीप विकास समितिका संयोजक हेमराज ढकालज्यूले ELMS ले





सातै वटा प्रदेशमा केही समय अघि कृषि, पर्यटन र निर्माण क्षेत्र गरी ३ वटा आर्थिक क्षेत्रहरूका उद्योग प्रतिष्ठानहरूलाई लक्षित गरी विभिन्न २७ जिल्लामा श्रम बजार सूचना सर्वेक्षण गरिएको र सोही प्रतिवेदनसंग सम्बन्धित कार्यशाला गोष्ठीको आयोजना गरी सम्बन्धित क्षेत्रहरूको राय सुझाव संकलनकालागि कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका सहनिर्देशक तथा ELMS का युनिट संयोजक अजित गुप्ताले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने प्रतिवेदन उपर छलफलको क्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघ मकवानपुरका बरिष्ठ उपाध्यक्ष सुवर्ण लाल श्रेष्ठ, चन्द्रावती पनेरू, जनप्रिय मा.वि. प्राविधिक शिक्षालयका संयोजक मोतीउर रहमान, नेपाल ट्रेड युनियन काँग्रेसका प्रदेश उपाध्यक्ष कुमार पौडेल, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्री, होटल एशोसियसन मकवानपुरका कोषाध्यक्ष रविन लामालगायतले आफ्नो विचार राख्नु भएको थियो । सहभागीहरूले रोजगारीको सुनिश्चितता हुनुपर्ने, सोही अनुसार पाठ्यक्रमको विकास गरिनुपर्ने, सही व्यक्तिले तालिम लिनुपर्ने, तालिमपश्चात श्रम कार्यालयसंग जोडिनुपर्ने, समयानुकुल प्रशिक्षणहरू दिईनुपर्ने लगायतका विचार व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल भारत बहुप्राविधिक महाविद्यालय हेटौंडाका प्रमुख संजय यादव, नेपाल घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष सूर्य बहादुर कँडेल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुबोध कुमार गुप्ता, बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णराज पन्तलगायतले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो । उहाँहरूले एकद्वार प्रणाली लागू नहुञ्जेल सीप मिसम्याच भईरहने, सीपलाई रोजगारीसंग जोडिनुपर्ने, पूर्वाधार तयारी पश्चातमात्र प्राविधिक शिक्षालय संचालन गरिनुपर्ने, प्रदेश र संघीय सरकारले रोजगारमुखी प्राविधिक शिक्षाको लागि नीति बनाउनुपर्ने, स्थानीय कच्चा पदार्थको उच्चतम प्रयोग गरी प्राविधिक उद्योग संचालन गरिनुपर्ने, उद्योगमा अभाव दक्ष कामदारको व्यवस्थापनमा राज्यले आवश्यक पहल गर्नुपर्ने, राष्ट्रलाई आवश्यक

दक्ष कामदारहरूको परिपूर्ति पश्चात मात्र वैदेशिक रोजगारीमा पठाईनुपर्ने, शिक्षा प्रणालीको स्तरोन्नति गरिनुपर्नेलगायतका विषयमा आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

धन्यवादज्ञापन सहित समापन मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रमका सभाध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठले दक्ष कामदारको लागि अझै पनि नेपाली उद्योगहरूले भारतीय कामदारहरूको भर पर्नु परिरहेको, दक्ष कामदार तयार गर्न कार्यस्थलमै तालिम प्रदान गर्ने परिपाटीको विकास गर्नुपर्ने, निजी क्षेत्रसंग राज्यले सहकार्य गरी सीपमूलक तालिम प्रदान गरी रोजगारी प्रदान गर्नुपर्ने कुरामा मन्त्रीज्यूको ध्यानाकर्षण गराउनुभएको थियो । कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, परियोजनाका ५ वटै संस्थाहरूका केन्द्रीय, प्रदेश र जिल्लास्तरका प्रमुख एवम् प्रतिनिधिहरू, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्षहरू, विभिन्न ट्रेड युनियनका जिल्ला प्रतिनिधिहरू, विभिन्न प्राविधिक शिक्षालयका प्रतिनिधिहरू, संचारकर्मीहरूको उपस्थिति रहेको थियो ।

## **२०. व्यापार सहजीकरण तालिम सम्पन्नः**

नेपाल उद्योग वाणिज्य महासंघले International Trade Center (ITC) समेतको सहकार्य र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सहकार्यमा विश्व व्यापार संगठन व्यापार सहजीकरण



सम्बन्धी दुई दिने तालिम काठमाडौंमा २०७९ असोज १३ र १४ गते सम्पन्न गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष अन्जन श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सहजीकरण तालिममा विभिन्न जिल्ला नगर





उद्योग वाणिज्य संघहरू, निकासीजन्य बस्तुगत संघसंस्थाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बामगती प्रदेशका पदाधिकारी, कार्यकारिणी सदस्यज्यूहरू र नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण राज अवस्थीज्यूको पनि उपस्थिति रहेको थियो । तालिम विशेष गरी नेपालबाट निर्यातयोग्य बस्तुहरूको प्रवर्द्धनको विषयमा केन्द्रीत रहेको थियो ।

## **२१. अन्तर्राष्ट्रिय श्रम संगठनको आगामी ५ वर्षे फ्रेमवर्क तयारीमा सहभागिताः**

अन्तर्राष्ट्रिय श्रम संगठनले नेपालमा आगामी ५ वर्षको लागि आयोजना गर्ने कार्यक्रमहरूको फ्रेमवर्क तयारी गर्न २०७९ असोज २३ गते देखि २५ गतेसम्म धुलिखेलमा प्रदेशस्तरीय त्रिपक्षीय ३ दिने




कार्यशाला गोष्ठी आयोजना गरेको थियो जसमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको तर्फबाट कार्यकारी निर्देशक श्री विवेक मानन्धरज्यूबाट सहभागिता रहेको थियो । नेपाल सरकारका विषयगत मन्त्रालयहरूका प्रतिनिधिहरू, विभिन्न ट्रेड युनियनका प्रतिनिधिहरू र निजी क्षेत्रका प्रतिनिधिहरूबीच सामूहिक छलफल गराई आगामी दिनहरूमा गरिनुपर्ने कार्यक्रमहरूको विषयमा गोष्ठी केन्द्रीत रहेको थियो ।

## **२२. बैंक तथा वित्तिय संस्थाले गरेको ब्याजदर वृद्धिको विरोधमा माइतीघर मण्डलामा शान्तिपूर्ण मौन विरोध कार्यक्रम सम्पन्नः**

गत वर्षदेखि नेपाल उद्योग वाणिज्य महासंघले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको विशेष सहयोगमा देश भरका उद्योग वाणिज्य संघहरू,

बस्तुगत संघ संस्थाहरूका अध्यक्ष, निवर्तमान अध्यक्ष एवम् पूर्वअध्यक्षहरूको मिलन समारोह कार्यक्रम आयोजना गर्दै आईरहेको छ । यसै क्रममा यस वर्ष पनि २०७८ चैत्र २७ गते होटल सोल्टीमा उक्त कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको छ । नेपाल उद्योग



वाणिज्य महासंघका वर्तमान अध्यक्ष, निवर्तमान अध्यक्ष, पूर्व अध्यक्षहरू, पूर्व पदाधिकारीहरू, देशभरका विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघ र बस्तुगत संघसंस्थाका अध्यक्ष, निवर्तमान अध्यक्ष र पूर्व अध्यक्षहरू गरी झण्डै २०० जनाको उपस्थिति रहेको उक्त मिलन समारोहमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष प्रदीप कुमार श्रेष्ठले आफूले नेपाल उद्योग वाणिज्य महासंघमा रहेर काम गर्दाको आफ्नो अनुभव सुनाउनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका वर्तमान अध्यक्ष शेखर गोल्छाले स्वागत मन्तव्य राख्नुभएको उक्त मिलन समारोह कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष पशुपति मुरारका, पूर्व अध्यक्ष चण्डिराज ढकाल, संस्थापक सदस्य मोहन सिंह ऐतवाललगायतले आफ्नो मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रमका लागि काठमाडौं उद्योग वाणिज्य संघको बिशेष सहयोग रहेको थियो भने कार्यक्रमको तयारीकालागि बागमती प्रदेशका सबै उद्योग वाणिज्य संघहरूको पनि सहयोग रहेको थियो ।

## २३. कार्यस्थल हिंसा तथा दुर्व्यवहार विषयक गोष्ठी सम्पन्नः

नेपाल उद्योग वाणिज्य महासंघ र अन्तर्राष्ट्रिय श्रम संगठनको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको व्यवस्थापनमा हेटौंडाको





अर्किड रिसोर्टमा २०७९ कार्तिक २९ गते कार्यस्थल हिंसा तथा दुर्व्यवहार विषयक गोष्ठी आयोजना गरिएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य उत्तमशर्मा ढकालको सभापतित्वमा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक हरी



पौडेलले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो भने नेपाल उद्योग वाणिज्य महासंघका कानूनी सल्लाहकार तथा अधिवक्ता दिपक घिमिरेले कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहारको विषयमा नेपालको कानूनी व्यवस्था, हिंसा र दुर्व्यवहारका प्रकार, यसको रोकथामकालागि गरिनुपर्ने सुझावहरूको विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यस्थलमा विशेष गरी महिला कर्मचारीहरूमाथि हुने शारीरिक, मौखिक र गैरमौखिक हिंसा तथा दुर्व्यवहार, काम गर्न प्रतिकूल वातावरण, यौन हिंसा जस्ता कुराहरूको विषयमा सहभागीहरूबाट छलफलको क्रममा उठेका जिज्ञासाहरूको बारेमा पनि अधिवक्ता घिमिरेले प्रष्ट्याउनु भएको थियो । कार्यक्रमका अतिथि श्रम कार्यालयका प्रमुख छन्द नारायण श्रेष्ठ र मकवापुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईले वर्तमान अवस्थामा कार्यस्थलमा हुने हिंसा तथा दुर्व्यवहारलाई सामान्य रूपमा लिन नमिल्ने र यसको लागि कडा कानून निर्माण गर्नुपर्ने विषयमा जोड दिनु भएको थियो । स्वागत तथा समापन मन्तव्य राख्नुहुँदै सभापति ढकालले यस्ता कार्यक्रमहरूको उपयोगिता बढ्दै गईरहेकोले यस्ता कार्यक्रम देशभर स्थानीयस्तर मा नै हुनुपर्ने बताउनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती

प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरले संचालन गर्नुभएको कार्यक्रममा विभिन्न उद्योग, अस्पताल, होटल प्रतिष्ठानका व्यवस्थापक एवम् मानव संशाधन प्रमुखहरूको उपस्थिति रहेको थियो ।

## २४. सीपमूलक तालिमहरूको माग संकलन:

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले बागमती प्रदेशभित्रका उद्योग वाणिज्य संघहरूसंग समन्वय गरी सीपमूलक तालिमहरूको माग संकलन गरी श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेश र प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेशलाई बुझाईएको थियो । वार्षिक रूपमा विभिन्न मन्त्रालयहरूमार्फत प्रदान गरिने सीपमूलक तालिमहरूलाई स्थान र समयानुकूल बनाई तालिम प्रदान गर्ने उद्देश्यका साथ तालिमहरूको माग संकलन गरी २०७९ मंसिर २३ गते सम्बन्धित मन्त्रालय र परिषद्मा बुझाईएको थियो । माग अनुसार आगामी वर्ष सम्बन्धि जिल्लाहरूमा तालिम प्रदान गरिने प्रतिबद्धता पनि प्राप्त भएको छ ।

## २५. बागमती प्रादेशिक एवम् दोश्रो खैरहनी महोत्सव २०७९ सफलतापूर्वक सम्पन्न:

उद्योग एवम् व्यापारमार्फत यस प्रदेशकै आर्थिक, सामाजिक, कृषि तथा पर्यटकीय विकासमा मद्दत पुऱ्याउने उद्देश्यका साथ यस नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेशले पहिलो पटक उद्योग वाणिज्य संघ खैरहनीसंग संयुक्त




रूपमा प्रादेशिक महोत्सव आयोजना सफलतापूर्वक सम्पन्न गरेको छ ।





प्रदेशको उद्योग व्यापार क्षेत्रको विकास गरी समग्रमा देशकै आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले यही २०७९ माघ ४ गतेदेखि १५ गतेसम्म खैरहनी २ स्थित लदरी खोला किनारमा "बागमती प्रादेशिक एवम् दोश्रो खैरहनी महोत्सव २०७९" आयोजना गरिएको हो । महोत्सवमा विभिन्न क्षेत्रहरू उद्योग, व्यापार,



कृषि, सूचना प्रविधि, पर्यटन, अटो, होटल, शैक्षिक संस्था, सरकारी, गैरसरकारी संघसंस्था, महिला उद्यमीका उत्पादन तथा सेवाहरूका गरी २०० वटा स्टलहरू रहेका थिए । कृषि क्षेत्रलाई विशेष प्राथमिकता प्रदान गरिएको यस महोत्सव अवधिभर विविध कृषि उपज प्रतियोगिता, नृत्य, चित्रकला, वक्तृत्वकला, खेलकुद जस्ता अन्य प्रतियोगितात्मक कार्यक्रमहरू आयोजना गरी पुरस्कृत पनि गरिएको थियो । महोत्सवको बिशेष आकर्षणको रूपमा दैनिक रूपमा विभिन्न जनजातिको स्थानीय भेषभुषामा साँस्कृतिक कार्यक्रमका साथै स्थानीय तथा राष्ट्रिय कलाकारहरूको विभिन्न मनोरञ्जनात्मक प्रस्तुतिहरू रहेका थिए । बालबालिकाहरूको मनोरञ्जनका लागि बालउद्यान र युवावर्गलाई लक्षित गरी स्थानीय धर्म, संस्कृति, प्रकृतिको झझल्को आउने बस्तुहरू राखी सेल्फी जोनको समेत व्यवस्था गरिएको थियो । विभिन्न पेशा, व्यापार, उद्योगमा संलग्न व्यक्ति, युवा, वृद्ध तथा विद्यार्थीवर्ग गरी करिव २ लाख अवलोकनकर्ताले महोत्सवको अवलोकन गरेका थिए । करिव एक करोड बीस लाखको लगानीमा संचालन भएको यस बृहत महोत्सवमा सबै उद्योग व्यवसायहरूको समेत गरी करिव १० करोड वरावरको कारोवार भएको छ । महोत्सवमा व्यापारी, उद्योगी, उपभोक्ता, सरकारी निकाय, संघ/संस्था, अनुसन्धानकर्ता र आम नागरिक समेत एकै ठाउँमा जमघट भई प्रतिकृया, सुझाव र सहयोग लिने दिने अवसर

मिलेको थियो भने महोत्सवमा देशभरका विभिन्न उद्योग वाणिज्य संघहरूका पदाधिकारीहरू, उद्योगी, व्यवसायी तथा स्थानयि अवलोकनकर्ताहरू समावेश थिए । महोत्सवको प्रवर्द्धनका लागि स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन मिडिया र माईकिङ्ग समेतबाट प्रचार प्रसार गरिएको थियो । महोत्सवको समुद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री माननीय शालिकराम जमकट्टेल र समापन बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय केशव प्रसाद पोखरेलले गर्नुभएको थियो । पानसमा बत्ती बाली उद्घाटन गर्नु भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षतामा भएको उद्घाटन समारोहमा उद्योग वाणिज्य संघ खैरहनीका अध्यक्ष एवम् मूल समारोह संयोजक दिपेन श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो । समुद्घाटन तथा समापन कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न निकायका प्रमुख एवम् प्रतिनिधिहरू, विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिहरू तथा संघका सल्लाहकारहरूको उपस्थिति रहेको थियो । मेलाको समुद्घाटन अघि विभिन्न जनजाति र समुदायको भेषभुषा, बाजागाजा तथा साँस्कृतिक कार्यक्रम सहितको शोभा-यात्रा गरी खैरहनी नगर परिक्रमा गरिएको थियो । शोभायात्रामा १०० भन्दा बढी संघसंस्थाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

"आर्थिक विकासको मूल आधार, कृषि पर्यटन उद्योग र व्यापार" भन्ने मूल नाराका साथ संचालन गरिएको यस मेलाको मुख्य आयोजकको रूपमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र उद्योग वाणिज्य संघ खैरहनी, संरक्षकको रूपमा खैरहनी नगरपालिका, सहआयोजकको रूपमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय-बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालय-बागमती प्रदेश, संस्कृति तथा पर्यटन मन्त्रालय-बागमती प्रदेश र प्रवर्द्धकको रूपमा नेपाल उद्योग वाणिज्य महासंघ रहेको थियो । महोत्सवको मुख्य प्रायोजन आर. एम. ग्रुप, प्रायोजन क्वेष्ट फार्मास्युटिकल्स, सहप्रायोजन अशोका कार्बन एण्ड एलाईड ई. प्रा.लि., त्रिवेणी ग्रुप, लुम्बिनी विकास बैंक लि., हुन्डाई लक्ष्मी,





आधिकारिक बैंक सिन्धु विकास बैंक लि., आधिकारिक बीमा अजोड ईन्सुरेन्स कं. लि., आधिकारिक आतिथ्य डिज्नी पार्क रिसोर्ट प्रा.लि., आधिकारिक बेभरेज रियल फ्रूट पावर, प्रवेश टिकट सौजन्य प्राईम बैंक लि., सिसिटिभी सौजन्य एम.एस. टेक्नोलोजी ट्रेडर्स, ईन्टरनेट सहयोगी टेकमाईन्ड्स नेटवर्क र सहयोगी कुमरोज मध्यवर्ती सामूदायिक वन उपभोक्ता समूह रहेको थियो । यस बागमती प्रादेशिक एवम् दोश्रो खैरहनी महोतसव २०७९ लाई सफल रूपमा संचालन गर्न १००१ सदस्यीय महोत्सव मूल समारोह समितिको गठन गरिएको थियो । त्यसैगरी महोत्सवलाई संचालन गर्नका निमित्त ९ सदस्यीय स्टेरिङ कमिटी सहित विभिन्न उपसमितिहरू गरी जम्मा २६ वटा समितिको निर्माण गरिएको थियो ।

## २६. समन्वयः

नेपाल उद्योग वाणिज्य महासंघबाट प्राप्त विभिन्न कार्यक्रमहरूमा सहभागितादेखि लिएर प्राप्त सूचनाहरू बागमती प्रदेश अन्तर्गतका उद्योग वाणिज्य संघहरू, बस्तुगत संघहरू र एशोसियट सदस्यहरूलाई पुऱ्याउने समन्वयकारी भूमिका नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले निर्वाह गर्दै आएको छ ।

## २७. सदस्यता तथा सिफारिश प्रदानः

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले नयाँ सदस्यता एवम् विभिन्न एशोसियट फर्महरूलाई नेपाल उद्योग वाणिज्य महासंघको सदस्यताको लागि सिफारिश गर्ने कार्य गर्दै आईरहेको छ ।

## २८. वेबसाईट र फेसबुक पेज अद्यावधिकः

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको वेबसाईट bagmati.fncci.org र फेसबुक पेज fnccibagmati समयसापेक्ष अद्यावधिक गरिदैं आएको छ । प्रदेशले गरेको कृयाकलापहरू, गतिविधिहरू, प्रतिनिधित्वहरू, विभिन्न महत्वपूर्ण समसामयिक सूचनाहरू वेबसाईट र फेसबुक पेज मार्फत संप्रेषण गर्ने गरिएको छ ।

## २९. प्रतिनिधित्वः

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकीरणी समितिका सदस्यहरू विभिन्न महत्वपूर्ण कार्यक्रमहरूमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गर्नुभएको छ । संस्थाका अध्यक्षज्यूलगायत पदाधिकारीहरू, कार्यकारिणी सदस्यहरू, कार्यकारी निर्देशकले नेपाल उद्योग वाणिज्य महासंघका विभिन्न कार्यक्रमहरूमा, मन्त्रालयहरू अन्तर्गत विभिन्न समितिका महत्वपूर्ण बैठकहरूमा सहभागी भई आफ्नो विचारहरू व्यक्त गर्ने गर्नुभएको छ ।

### विभिन्न बैठक तथा कार्यक्रमहरुमा नेउवामहासंघ बागमती प्रदेशको सहभागिताः

१. काभ्रे उद्योग वाणिज्य संघद्वारा आयोजित नवनिर्वाचित जनप्रतिनिधिहरूको स्वागत कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट । (जेठ ३०)
२. नवलपुर उद्योग वाणिज्य संघको ९ औं वार्षिक साधारण सभामा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट । (असार ४)
३. नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनीको चौथो प्रदेश सभामा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट । (असार ११)
४. उद्योग वाणिज्य संघ लालबन्दीको ८ औं वार्षिक साधारण सभा तथा अधिवेशनमा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट (असार १२)
५. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय बागमती प्रदेशको आयोजनामा भएको अन्तर्क्रिया कार्यक्रममा काकास कविराज खत्री, उत्तमशर्मा ढकाल र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (असार २१)
६. नेउवामहासंघ र नेपाल पर्यटन बोर्डको आयोजनामा भएको Tourism Symposium कार्यक्रममा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, काकास कैलाश पलाञ्चोके तथा पदेन सदस्य तथा नेउवामहासंघ काकास कमल श्रेष्ठज्यूबाट । (श्रावण ४)





७. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको बैठकमा काकास प्रतिमा भट्टज्यूबाट । (श्रावण ५)
८. कीर्तिपुर नगर उद्योग वाणिज्य संघको धुलिखेलमा आयोजित २ दिने कार्यशाला गोष्ठीमा नि. अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ र दुर्गाराज श्रेष्ठ, काकास कैलाश पलाञ्चोकेज्यूबाट । (श्रावण ६)
९. Employers Meet 2022 कार्यक्रममा उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, काकास प्रदीपमान प्रधान, पदेन सदस्य एवम् नेउवामहासंघ काकास डि.बि.बस्नेतज्यूबाट । (श्रावण ८)
१०. संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र प्रसाद बडुज्यूसंग हेटौंडामा आयोजित समसामयिक छलफल कार्यक्रममा काकास जीवन काजी माकजु श्रेष्ठ र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (श्रावण १२)
११. पनौती उद्योग वाणिज्य संघको पदस्थापना एवम् नवनिर्वाचित जनप्रतिनिधिहरूको स्वागत कार्यक्रममा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ र दुर्गाराज श्रेष्ठ, काकास कैलाश पलाञ्चोकेज्यूबाट । (श्रावण १४)
१२. कञ्चनपुर उद्योग वाणिज्य संघको १७ औं कार्यसमितिको शपथ तथा पदस्थापन कार्यक्रममा अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूबाट (श्रावण १८)
१३. भक्तपुर उद्योग वाणिज्य संघको आयोजनामा भएको आ.व. ०७९/८० को मौद्रिक नीति सम्बन्धी छलफल कार्यक्रममा प्रमुख अतिथिको रूपमा अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूबाट । (श्रावण २३)
१४. सिन्धुली उद्योग वाणिज्य संघको ३१ र ३२ औं साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ र दुर्गाराज श्रेष्ठ, काकास कविराज खत्री र कैलाश पलाञ्चोके तथा पदेन सदस्य तथा नेउवामहासंघ काकास अरूणराज सुमार्गीज्यूबाट । (श्रावण ३१)
१५. बागमती प्रदेश नीति तथा योजना आयोगको आयोजनामा रूस युक्रेन संकटका कारण नेपालको खाद्य सुरक्षा र आपूर्ति व्यवस्थापनमा पर्न सक्ने प्रभाव विषयक

कार्यशाला गोष्ठीमा आमन्त्रित सदस्य उत्तम शर्मा ढकाल र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (भाद्र ७)

१६. रत्ननगर उवासंघको २३ औं वार्षिक साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, काकास शिवप्रसाद मानन्धर, कविराज खत्री र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (भाद्र २०)

१७. नेउवामहासंघ उद्योग वाणिज्य परिषद्को चौथो बैठकमा अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूबाट । (भाद्र २४,२५)

१८. युएनडीपिद्वारा आयोजित मानव विकास सम्बन्धी छलफल कार्यक्रममा आमन्त्रित सदस्य उत्तमशर्मा ढकालज्यूबाट । (भाद्र २७)

१९. बुटवल उद्योग वाणिज्य संघको ६९ औं साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, काकास कैलाश पलाञ्चोके तथा पदेन सदस्य तथा नेउवामहासंघ काकास कमल श्रेष्ठज्यूबाट । (भाद्र २७)

२०. वन तथा वातावरण मन्त्रालयको कार्यशाला गोष्ठीमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (भाद्र २८)

२१. मेलम्ची उद्योग वाणिज्य संघको प्रथम साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, काकास जीवनकाजी माकजु श्रेष्ठज्यूबाट । (असोज १)

२२. काभ्रे उद्योग वाणिज्य संघद्वारा आयोजित काभ्रे महोत्सवमा पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरूबाट । (असोज ३)

२३. नेपाल हस्तकला व्यवसायी संघ काठमाडौंको आयोजनामा भएको छलफल कार्यक्रममा उपाध्यक्ष सविन श्रेष्ठज्यूबाट । (असोज ५)

२४. नेपाल खुद्रा व्यापार संघको ४३ औं वार्षिक साधारण सभा तथा मिलन समारोहमा अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूबाट । (असोज ८)

२५. अन्तर्राष्ट्रिय श्रम संगठनको आयोजनामा धुलिखेलमा आयोजित ३ दिने कार्यशाला गोष्ठीमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (असोज २३-२५)





२६. श्रम रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेशको सीपमूलक तालिम सम्बन्धी छलफल कार्यक्रममा सहभागिता कार्यकारी निर्देशक विवेक मानन्धर ज्यूबाट । (असोज ३०)

२७. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजित नेपाल व्यापार एकीकृत रणनीति तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागिता उपाध्यक्ष सबिन श्रेष्ठज्यूबाट । (कार्तिक २-३)

२८. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा तयार पारिएको क्तबचतगउ नीति २०७८ को मस्यौदा माथि छलफल कार्यक्रममा श्यफ मार्फत सहभागिता उपाध्यक्ष सविन श्रेष्ठ, काकास कैलाश पलाञ्चोक, काकास प्रदिपमान प्रधान तथा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (कार्तिक २८)

२९. नेपाल उद्योग वाणिज्य महासंघको "अर्थतन्त्र जोगाऔं" पत्रकार सम्मेलन कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, काकास कविराज खत्री र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (मंसिर १३

३०. International Organization for Migration (IOM) in Nepal को आयोजनामा आयोजित एक दिने एयष्अिथ ल्म्बयिनगभ कार्यक्रममा सहभागिता काकास उत्तमशर्मा ढकाल तथा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (मंसिर १९)

३१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आयोजनामा आयोजित कार्यशालामा सहभागिता कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट । (मंसिर २०)

३२. उद्योग वाणिज्य संघ चितवनको ५६ औं वार्षिक साधारण सभामा नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, काकास कविराज खत्री, राजु श्रेष्ठ र पदेन सदस्य सहनलाल प्रधानज्यूबाट । (मंसिर २६)

३३. वन तथा वातावरण मन्त्रालय प्रोजेक्ट ईन्सेप्सन वर्कसपमा काकास उत्तमशर्मा ढकालज्यूबाट (पौष १)

३४. मकवानपुर उद्योग वाणिज्य संघको ५६ औं वार्षिक साधारण सभामा अध्यक्ष

दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, काकास कैलाश पलाञ्चोकेज्यूबाट (पौष २)

३५. धादिङ्ग उद्योग वाणिज्य संघको ८ औं धादिङ्ग महोत्सवको उद्‌घाटन समारोहमा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, काकास कैलाश पलाञ्चोके र कविराज खत्रीज्यूबाट (पौष ७)

३६. सिन्धुली उद्योग वाणिज्य संघको ८ औं सिन्धुली महोत्सवमा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, काकास कैलाश पलाञ्चोकेज्यूबाट (पौष १८)

३७. नेपाल टेलरिङ्ग व्यवसायी महासंघको टेलरिङ्ग सीप सम्मेलन २०७९ मा उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूबाट (पौष २०)

३८. उद्योग वाणिज्य संघ चितवनको चितवन महोत्सवको समुद्‌घाटन कार्यक्रममा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूबाट (पौष २५)

३९. बागमती प्रदेश हस्तकला संघको तेश्रो साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूबाट (पौष २८)

४०. भक्तपुर उद्योग वाणिज्य संघको ३५ औं वार्षिक साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ र उपाध्यक्ष सविन श्रेष्ठज्यूबाट । (पौष २९)

४१. धुलिखेल उद्योग वाणिज्य संघको ३१ औं वार्षिक साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, काकास जीवनकाजी माकजु श्रेष्ठ, कविराज खत्री र कैलाश पलाञ्चोकेज्यूबाट (पौष ३०)

४२. मकवानपुर उद्योग वाणिज्य संघको १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९ अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूबाट (माघ ११)

४३. सामाजिक विकास मन्त्रालयको प्रादेशिक परियोजना स्टेरिङ्ग कमिटीको बैठकमा काकास कविराज खत्रीज्यूबाट । (माघ १७)





४४. रामेछाप उद्योग वाणिज्य संघको १४ औं वार्षिक साधारण सभामा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्ष सविन श्रेष्ठ, काकास यादव दाहालज्यूबाट (माघ २१)

४५. राप्ती उद्योग वाणिज्य संघको ५ औं वार्षिक साधारण सभा तथा अधिवेशनमा कोषाध्यक्ष गुणराज श्रेष्ठज्यूबाट । (माघ २१)

४६. नुवाकोट उद्योग वाणिज्य संघको नुवाकोट महोत्सवको समुद्‌घाटन समारोहमा अध्यक्ष दिलसुन्दर श्रेष्ठ, नि.अध्यक्ष तथा नेउवामहासंघ उपाध्यक्ष दिनेश श्रेष्ठ, उपाध्यक्षद्वय सविन श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, काकास कविराज खत्रीज्यूबाट (माघ २७)

## ३0. बधाईः

क. नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष दिनेश श्रेष्ठज्यू अनररी काउन्सिलर कोर्पसको १५ औं वार्षिक साधारण सभा र चार्टर दिवसबाट गरिमामय डिन पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा ।

## ३१. श्रद्धाञ्जलीः

क. धादिङ्ग उद्योग वाणिज्य संघका अध्यक्ष विष्णुप्रसाद थपलियाज्यूका पूजनीय पिता कृष्णराज थपलियाको स्वर्गारोहण भएकोमा ।

ख. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य प्रदिपमान प्रधानज्यूका ममतामयी माता जापानी प्रधानको स्वर्गारोहण भएकोमा ।

ग. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गत राजस्व समितिका सदस्य एवम् नेपाल कष्मेटिक व्यवसायी संघका संस्थापक अध्यक्ष लक्ष्मीप्रसाद पौडेलको असामयिक निधन भएकोमा ।

घ. रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कृष्ण श्रेष्ठज्यूका पूजनीय पिता प्यारा कृष्ण श्रेष्ठको स्वर्गारोहण भएकोमा ।

## २०७८ चैत्र २७ गतेसम्म नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशमा कायम जिल्ला नगर उवासंघ, वस्तुगत र एशोसियट सदस्यहरूको विवरण

### जिल्ला नगर उद्योग वाणिज्य संघहरू

| सि.नं. | उद्योग वाणिज्य संघको नाम | सि.नं. | उद्योग वाणिज्य संघको नाम |
|---|---|---|---|
| १ | दोलखा उद्योग वाणिज्य संघ | १५ | मकवानपुर उद्योग वाणिज्य संघ |
| २ | रामेछाप उद्योग वाणिज्य संघ | १६ | थाहा नगर उद्योग वाणिज्य संघ |
| ३ | सिन्धुली उद्योग वाणिज्य संघ | १७ | चन्द्रागिरी नगर उद्योग वाणिज्य संघ |
| ४ | सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ | १८ | जिरी उद्योग वाणिज्य संघ |
| ५ | काभ्रे उद्योग वाणिज्य संघ | १९ | शंखरापुर उद्योग वाणिज्य संघ |
| ६ | धुलिखेल उद्योग वाणिज्य संघ | २० | नेपाल उद्योग वाणिज्य संघ काठमाडौं |
| ७ | रसुवा उद्योग वाणिज्य संघ | २१ | राप्ती उद्योग वाणिज्य संघ |
| ८ | नुवाकोट उद्योग वाणिज्य संघ | २२ | पाँचखाल उद्योग वाणिज्य संघ |
| ९ | धादिङ्ग उद्योग वाणिज्य संघ | २३ | नमोबुद्ध उद्योग वाणिज्य संघ |
| १० | भक्तपुर उद्योग वाणिज्य संघ | २४ | पनौती उद्योग वाणिज्य संघ |
| ११ | ललितपुर उद्योग वाणिज्य संघ | २५ | कीर्तिपुर नगर उद्योग वाणिज्य संघ |
| १२ | उद्योग वाणिज्य संघ चितवन | २६ | गोदावरी नगर उद्योग वाणिज्य संघ |
| १३ | रत्ननगर उद्योग वाणिज्य संघ | २७ | महालक्ष्मी नगर उद्योग वाणिज्य संघ |
| १४ | खैरहनी उद्योग वाणिज्य संघ । | २८ | रामेछाप नगर उद्योग वाणिज्य संघ |

### वस्तुगत संघसंस्थाहरू

| सि.नं. | संघको नाम |
|---|---|
| १ | नेपाल खाद्य किराना व्यवसायी संघ |
| २ | बालाजु उद्योग विकास संघ |
| ३ | नेपाल मुद्रण उद्योग संघ |
| ४ | नेपाल कृषि मेशिनेरी व्यवसायी संघ |
| ५ | नेपाल वितरक संघ |
| ६ | नेपाल टेलरिङ्ग व्यवसायी महासंघ |
| ७ | स्वास्थ्य तथा सौन्दर्य सामाग्री उत्पादक संघ नेपाल |
| ८ | मदिरा व्यवसायी सघ काठमाण्डौ |
| ९ | नेपाल कष्मेटिक व्यवसायी संघ |





### एशोसियट संस्थाहरू

| | |
|---|---|
| १ | होलिष्टिक हेल्थ प्रा. लि. |
| २ | हिमालयन अनटप अर्गानिक कफि स्टेट प्रा. लि. |
| ३ | अशोका कार्बन एण्ड एलाईड ई. |
| ४ | श्रेष्ठ कम्पनी प्रा. लि. |
| ५ | श्रीनाथ कलेक्सन वर्ल्ड क्लास फेब्रिक प्रा. लि. |
| ६ | हाईजोन ईलेक्ट्रिकल ईन्जिनियरिंग फेब्रिकेटर |
| ७ | नाइसा प्लाष्टिक उद्योग |
| ८ | ३ स्टार ग्रुप अफ इन्डष्ट्रिज |
| ९ | सुमी प्लाष्टिक फेन्सी फिलिङ्ग प्रा. लि. |
| १० | प्रशन्ना फ्लाष्टिक उद्योग |
| ११ | बुद्ध मेटल इण्डष्ट्रिज |
| १२ | त्रिवेणी टप किचन इण्डष्ट्रिज |
| १३ | ए.वि. इनभेष्टमेन्ट होल्डिंग्स |
| १४ | माजोङ्ग इन्टरटेन्मेन्ट प्रा.लि |
| १५ | वान क्यापिटल होल्डिङ्गस् |
| १६ | मल्टि ईन्फ्रास्ट्रक्चर डेभलपमेन्ट प्रा· लि· |
| १७ | आई·एम·ई· लाईफ ईन्सुरेन्स कं· लि· |
| १८ | आईएमई ईन्भेष्टमेन्ट प्रा· लि· |
| १९ | भेन्चर हायर पर्चेज |
| २० | हित्को प्रा. लि. |
| २१ | ग्रीनसिटी हस्पिटल प्रा· लि· |
| २२ | जि·एम·ई· रेमिट प्रा· लि· |
| २३ | साई ईन्भेष्टमेन्ट प्रा· लि· |
| २४ | एड्भान्स मार्केटिङ्ग प्रा· लि· |
| २५ | रोल्पा सिमेन्ट प्रा· लि· |
| २६ | अरनिको सिमेन्ट प्रा· लि· |
| २७ | अरनिको आबुखैरेनी सिमेन्ट ई· प्रा· लि· |
| २८ | रिलायबल नेपाल ईन्सुरेन्स लि· |
| २९ | कोहिनुर ईन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा· लि· |
| ३० | सुमेरु सेक्युरिटी प्रा· लि· |
| ३१ | भिजन सेक्युरिटिज प्रा· लि· |
| ३२ | भेन्चर क्यापिटल प्रा· लि· |
| ३३ | लुम्बिनी केबुलकार प्रा· लि· |

| | |
|---|---|
| ३४ | गुर्खा ईन्काउन्टर्स प्रा· लि· |
| ३५ | सेक्युर्ड सेक्युरिटीज क· प्रा· लि· |
| ३६ | बर्कले ईन्टरनेशनल प्रा· लि· |
| ३७ | यस रेमिट प्रा· लि· |
| ३८ | जालपादेवी केबलकार प्रा· लि· |
| ३९ | मौलाकाली केबलकार प्रा· लि· |
| ४० | स्वर्गद्वारी दर्शन प्रा· लि· |
| ४१ | न्यू बिजनेस एज प्रा· लि· |
| ४२ | स्काई टच ईन्भेष्टमेन्ट एण्ड कन्सलटेन्ट प्रा· लि· |
| ४३ | ईम्पेरियल सेक्युरिटीज कं· प्रा· लि· |
| ४४ | रुट्स फेसन प्रा· लि· |
| ४५ | देव विकास बैंक |
| ४६ | नेकोन केबि प्लाष्टो ईन्जिनियरिंग ईण्ड· प्रा· लि· |
| ४७ | केबि साम आल्मुनियम ईण्ड· प्रा· लि· |
| ४८ | शुभकामना ट्रेड कर्नर |
| ४९ | शुभम् ट्रेड हाउस |
| ५० | अजोड ईन्सुरेन्स लि· |
| ५१ | ओल्ड एस·के· ईन्टरप्राईजेज |
| ५२ | हिमालयाज कन्टिनेन्टल प्रा· लि· |
| ५३ | सफारी फ्रन्ट रिसोर्ट प्रा· लि· |
| ५४ | बि·के· श्रेष्ठ टेलरिङ्ग |
| ५५ | सम्यक डायग्नोष्टिक प्रा· लि· |
| ५६ | कावसन्स ई·प्रा· लि· |
| ५७ | लेवल्स स्टोर प्रा· लि· |
| ५८ | माउण्टेन हेलिकप्टर्स प्रा· लि· |
| ५९ | द क्लासिक नेपाल |
| ६० | जगदम्बा मोबाईल्स प्रा· लि· |
| ६१ | अग्नि ईन्भेष्टमेन्ट प्रा· लि· |
| ६२ | वर्दा ईन्भेष्टमेन्ट प्रा· लि· |
| ६३ | अग्नि अटो सपोर्ट प्रा· लि· |
| ६४ | अग्नि लजिष्टिक्स प्रा· लि· |
| ६५ | अंगरक्षक सेक्युरिटि प्रा· लि· |
| ६६ | क्विन्स ड्रिम ईन्टरप्राईजेज |
| ६७ | सेवा सेक्युरिटिज प्रा· लि· |
| ६८ | तरुण एग्रो प्रा· लि· |
| ६९ | सहारा प्याकेजिङ्ग प्रा· लि· |





| | |
|---|---|
| ७० | सम्राट ग्रुप प्रा· लि· |
| ७१ | शुभ सिंगल ईन्टरनेशनल प्रा· लि· |
| ७२ | मुस्ताङ्ग माउन्टेन होम प्रा· लि· |
| ७३ | शिखर पोल्ट्री ब्रिडिङ्ग प्रा· लि· |
| ७४ | सम्राट सिमेन्ट कम्पनी प्रा· लि· |
| ७५ | नेपाल ईन्फ्रास्ट्रक्चर बैंक लि· |
| ७६ | सिम्रन ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा· लि· |
| ७७ | पर्फेक्सन् ईन्टरप्राईजेज |
| ७८ | आरती एग्रीटेक प्रा· लि· |
| ७९ | बिटिएल ट्रेड प्रा· लि· |
| ८० | अग्नि आस्था प्रा· लि· |
| ८१ | मैनाली ईण्ड· प्रा· लि· |
| ८२ | प्रतिष्ठा मार्केटिङ्ग |
| ८३ | प्रतिष्ठा बायोकस्मेटिक प्रा· लि· |
| ८४ | गोधुली ईन्टरप्राईजेज |
| ८५ | विन्दवासिनी हाईड्रोपावर डेभलपमेन्ट लि· |
| ८६ | मल्टि ईनर्जी डेभलपमेन्ट प्रा· लि· |
| ८७ | पिपुल्स ईनर्जी लि· |
| ८८ | एल·जे· ग्रुप प्रा· लि· |
| ८९ | एस· एण्ड ए· फर्निसिङ्ग प्रा· लि· |
| ९० | मनकामना क्राफ्ट एण्ड क्रियशन |
| ९१ | कविन्द्र निर्माण सेवा |
| ९२ | माईक्रोटेक एम· एण्ड ई· प्रा· लि· |
| ९३ | पि·एम· कन्स्ट्रक्सन एण्ड ईन्जिनियर्स प्रा· लि· |
| ९४ | बि·एस·एस· रेडिमेड उद्योग प्रा· लि· |
| ९५ | मेरिगोल्ड अपेरियल्स प्रा· लि· |
| ९६ | ईन्टरनेशन्स ईण्ड· प्रा· लि· |
| ९७ | अश्री ज्वेलर्स प्रा· लि· |
| ९८ | जुडी ईन्टरप्राईजेज |
| ९९ | टक्सारी ट्रेड कन्सर्न |
| १०० | रत्नदेव कपडा उद्योग |
| १०१ | सम्पन्न लाईट्स प्रा· लि· |
| १०२ | रोरा केम प्रा· लि· |
| १०३ | अर्किड रिसोर्ट प्रा· लि· |
| १०४ | अन्नपूर्ण मत्स्य ह्याचरी तथा एकीकृत कृषि फर्म प्रा· लि· |
| १०५ | शुभ भनभोरी प्रा· लि· |